मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, ओखलढुङ्गा

प.सं. : २०७९/८०
सूचना नं. : ०२

१ नं. प्रदेश, नेपाल
मिति : २०७९/१०/२६

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम आगामी आर्थिक वर्ष **२०८०/८१** मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक चालु आ.व.मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नभएका १८ देखि ५९ वर्ष उमेर समूहका विपन्न बेरोजगार नेपाली नागरिकहरूले **२०७९ फागुन महिनामा** आफ्नो स्थायी बसोबास भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।
निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ।

**निवेदनको सम्बन्धमा तपसिलको व्यवस्था ध्यानाकर्षण हुनेछ :**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सीमान्तकृत समुदाय लगायतलाई योगदानमा आधारित सामाजिक सुरक्षा र संरक्षण उपलब्ध गराउने उद्देश्य लिएको छ।
- न्यूनतम रोजगारीमा आबद्ध गर्ने लक्षित वर्ग गरिब, विपन्न तथा सामान्य जीवनयापनमा कठिनाई भई जोखिममा परेका नागरिक रहेकाले वैयक्तिक तथा पारिवारिक विवरणहरू (व्यक्तिगत तथा पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आबद्ध भए नभएका आदि) यथार्थपरक र पूर्ण हुनुपर्नेछ।

२०७९/१०/२६
अद्रिरमण घिमिरे
रोजगार संयोजक (शाखा अधिकृत)

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिन आवश्यक कागजात

१. नेपाली नागरिकताको दुवै भाग प्रष्ट बुझिने प्रतिलिपि १–प्रति ।

२. ओखलढुङ्गा जिल्ला बाहेक अन्य जिल्लाबाट जारी नागरिकता प्रमाण पत्र भएमा बसाइँसराइँ, विवाह दर्ता वा स्थायी बसोबास खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

३. स्ट्यान्डर्ड पासपोर्ट साइजको फोटो १–प्रति ।

४. निवेदकसहित सगोलमा बसेका परिवारका सम्पूर्ण सदस्यको पारिवारिक विवरण (जन्म मिति, ना.प्र.नं., ना.प्र.नं. जारी मिति, जारी जिल्ला, शैक्षिक योग्यता, दक्षता, पेशागत अवस्था, अपाङ्गता आदि ।)

५. सम्भव भएसम्म मोबाइल नम्बर (नभए एकाघरका सदस्यको मोबाइल नम्बर, त्यो पनि नभए सम्पर्कका लागि नजिकका छिमेकीको सम्पर्क नम्बर) ।

६. सम्भव भएसम्म बैंक खाताको विवरण (राष्ट्रिय वाणिज्य बैंकको जुनसुकै शाखामा रहेको सामाजिक सुरक्षा खाता बाहेक) ।

## निवेदकले ध्यान दिनुपर्ने कुराहरू :

१. चालु आ.व.मा न्यूनतम १०० दिन रोजगारीको अवसर नपाएको, तोकिए बमोजिमको आय आजर्न हुने स्वरोजगारीमा संलग्न नभएको व्यक्तिले मात्र निवेदन दिनुपर्नेछ ।

२. न्यूनतम रोजगारीमा खटिने व्यक्तिले सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा खटाइएको स्थान वा क्षेत्रमा गई प्राविधिकले तोकेको मापदण्ड अनुसार दैनिक आठ घण्टा काम गर्नुपर्नेछ । मापदण्ड अनुसार काम नगरी मूल्याङ्कन पूरा नभएमा कार्य प्रगति प्रतिशतका आधारमा मात्र भुक्तानी दिइनेछ ।

३. **कुनै एक विवरण अपूर्ण भएको खण्डमा त्यो निवेदन दर्ता गरिने छैन र झुट्टा विवरण पेश गरेको पाइएमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा २६ को उपदफा १ (घ) बमोजिम बेरोजगार सहायता बापत प्राप्त गरेको रकम असुल गरी सोही बराबरको रकम जरिबाना गरिनेछ ।**

४. भूमिहीन सुकुम्बासी, बसोबासका लागि आफ्नै घर नभएको, एकल महिला घरमूली भएको, लोपोन्मुख/अल्पसङ्ख्यक वा दलित समुदायको, सहिद तथा बेपत्ता परिवारको, परिवारमा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको, परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नगएको, कुनै सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने स्वरोजगार नभएको वा कुनै रोजगारदाता वा कोषबाट नियमित सहायता, निवृत्तभरण वा अवकाश सुविधा नलिएको, कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्यलाई प्राथमिकता दिई न्यूनतम रोजगारीमा संलग्न गराइनेछ ।